## निर्णयहरु

१. यस गाउँपालिका तथा यस अर्न्तगतका वडा कार्यालयमा सञ्चालित आयोजनाहरुको गुणस्तरमा बृद्धि गर्नका लागि गाउँपालिका स्तरमा तथा प्रत्येक वडा कार्यालयमा अनुगमन मूल्यांकन समिति गठन गर्ने निर्णय गरियो । उक्त समितिहरुमा निम्नानुसारका व्यक्तिहरु रहने निर्णय गरियो ।

### गाउँपालिका स्तरको अनुगमन मुल्यांकन समिति

क. गाउँपालिका अध्यक्ष -संयोजक

ख. गाउँपालिका उपाध्यक्ष -सदस्य

ग. गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ.गाउँ कार्यपालिका सदस्य(कृष्ण बि.क.) -सदस्य

ङ.गाउँपालिकाको लेखा प्रमुख -सदस्य

च.गाउँपालिकाको योजना शाखाको प्रमुख -सदस्य

छ. गाउँपालिकाको सो आयोजना हेर्ने भन्दा अरु आयोजना हेर्ने प्राविधिक -सदस्य

### वडा स्तरको अनुगमन मुल्यांकन समिति

क. सम्बन्धित वडाको वडा अध्यक्ष -संयोजक

ख. सम्बन्धित वडाका वडा सदस्यहरु सबै -सदस्य

ग. सम्बन्धित वडाका वडा सचिव - सदस्य

अनुगमन समितिको कामहरु निम्नानुसारका हुने निर्णय गरियो ।

- योजनाको गुणस्तर,पारदर्शिता र आर्थिक अनुशासन कायम गराउन सहजीकरण गर्ने तथा अनुगमनलाई कडाइका साथ कार्यान्वयन गर्ने गराउने ।
- अनुगमन गरी अनुगमन प्रतिवेदनका आधारमा भुक्तानीका लागि सिफारिश गर्ने ।

साथै वडा स्तरीय अनुगमन मुल्यांकन समितिको बैठक खर्च मध्ये मासिक २ वटा बैठकको बैठक भत्ता कन्टेन्जेन्सी रकमबाट भुत्तान हुने गरी प्रति बैठक प्रति व्यक्ति रु १,०००।०० उपलब्ध गराउने निर्णय गरियो । साथै गाउँपालिका स्तरीय अनुगमन मुल्यांकन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्ने र बैठकको बैठक भत्ता कन्टेन्जेन्सी रकमबाट भुत्तान हुने गरी प्रति बैठक प्रति व्यक्ति रु १,०००।०० उपलब्ध गराउने निर्णय गरियो ।

२. यस गाउँपालिका तथा यस अर्न्तगतका वडा कार्यालयमा सञ्चालित आयोजनाहरुको अन्तिम किस्ता भुक्तानी गर्नुभन्दा पहिले योजना फरफारक समितिको सिफारिस आवश्यक पर्ने हुँदा निम्नानुसारको **योजना फरफारक समिति** गठन गर्ने निर्णय गरियो ।

क. गाउँपालिकाका अध्यक्ष- संयोजक

ख. गाउँपालिकाका उपाध्यक्ष- सदस्य

ग. गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ. गाउँपालिकाको प्राविधिक शाखाको शाखा प्रमुख-सदस्य

ङ. गाउँपालिकाको लेखा प्रमुख - सदस्य

च. गाउँपालिकाको योजना शाखाको शाखा प्रमुख - सदस्य

साथै योजना फरफारक समितिको बैठक १/१ हप्तामा बस्न सक्ने र बैठकको बैठक भत्ता कन्टेन्जेन्सी रकमबाट भुक्तान हुने गरी प्रति बैठक प्रति व्यक्ति रु १,०००।०० उपलब्ध गराउने निर्णय गरियो ।

३. यस गाउँपालिकाका पशुसेवा शाखा तथा कृषि शाखामा अनुदान रकम वितरण गर्नुअघि कृषकबाट लिइने निवेदनमा रु २००।०० शुल्क लिईने निर्णय गरियो ।

४. गाउँपालिका स्तरीय निम्नानुसारका समितिहरु निम्नानुसारको मितिमा गठन गर्ने निर्णय गरियो ।

- युवा तथा खेलकुद सञ्जाल- मिति २०७४ माघ ७ गते
- बाल समिति- मिति २०७४ माघ ८ गते
- महिला समिति- मिति २०७४ माघ ९ गते
- अपाङ्ग समिति- मिति २०७४ माघ ११ गते
- जेष्ठ नागरीक समिति- मिति २०७४ माघ १२ गते

५. गाउँपालिका भित्रको सार्वजनिक जमिनमा व्यक्तिगत रुपमा नयाँ संरचना बनाई जमिनको उपयोग गर्न नदिने निर्णय गरियो । यस निर्णयलाई कार्यान्वयन गराउन सम्पूर्ण जनप्रतिनिधिहरुले आ-आफ्नो ठाउँबाट सहयोग गर्ने निर्णय गरियो ।

६. मर्स्याङ्दी गाउँपालिकाको मिति २०७४ मार्ग १५ गते बसेको गाउँसभाले असक्त,असाहय,विपन्न सहायता कोषमा रु ५ लाख विनियोजन गरेको तथा सो रकममा रु १०,०००।०० भन्दा बढीको रकम सहयोगका लागि गाउँकार्यपालिकाले निर्णय गर्नुपर्ने भएकोले यस गाउँपालिकाका निम्नानुसारका व्यक्तिहरुलाई निम्नानुसारको दरले सहयोग गर्ने निर्णय गरियो ।

- मर्स्याङ्दी गाउँपालिका वडा नं. ९ बस्ने दुवै मृगौला खराव भएर उपचाररत श्री अमृतादेवी थापालाई रु ३०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ बस्ने दुवै मृगौला खराव भएर उपचाररत श्री पूर्ण बहादुर गुरुङ्लाई रु ३०,०००।०० सहयोग गर्ने निर्णय गरियो ।